## १. Hardware र Software भन्नाले के बुझिन्छ ? Software का फाइदाहरू के के हुन् ? २.५+२.५= ५ marks

**Hardware:**
Computer मा आँखाले देख्न, हेर्न, छुन र अनुभूतिगर्न सकिने सम्पूर्ण Physical parts हरूलाई hardware भनिन्छ । यो Computer को वाहिरी स्वरूप हो। जसमा Keybord, Mouse, monitor, printer speaker, Plotter, Touch screen, Touch pad, Scanner, web, camera microphone जस्ता Parts हरू पर्दछन् ।

**Software:**
Software भनेको Programme हरूको समूह हो, जसलाई हामी छुन, देख्न वा हेर्न सक्दैनौं तर Computer मा कार्यसम्पादन गर्न वा Computer चलाउनका लागि मद्दत गर्दछन् | Computer software हरू System software, Application software र Utility soflware गरी ३ प्रकारका हुन्छन्

**Software का फाइदाहरू निम्नअनुसार रहेका छन्:**
–More speed and accurary
–In formation quickly can be retrived more
–Data collection quickly
–Increase productivity
–Enhanced analysis,
–Improve data Security
–Increase sales potential etc.

## २.बैंकिङ क्षेत्रमा Computer को प्रयोग र यसको महत्वका बारेमा चर्चा गनुहोस् । 5 marks

बैंकिङ व्यवसाय संञ्चालनको क्रममा दैनिक कारोबार देखि लिएर गाम्भिर प्रकारका निर्णयहरू गनुपर्न हुन्छ । यसको लागि आधुनिक पद्धतिको अवलम्बन गरी सिघ्र कार्यसम्पादन गर्न Computer प्रणालि एकमहत्वपूर्ण उपकरण हो । अव पनि Computer प्रयोग नगर्ने बैंकले जनचाहाना अनुरूप कार्यगरि ग्राहक सन्तुष्टि पार्न सक्दैन । यस कारण पनि आधुनिक वैकिङ Service को Delivery दिई छिटो र कम लागतमा व्यवसाय संञ्चलन गरी प्रतिस्पधि लाभ हाँसिल गर्न वैकिङ क्षेत्रमा Computer को प्रयोग अनिवार्य रहेको छ।

### Banking क्षेत्रमा Computer को महत्वहरू निम्न रहेका छन

-High speed मा Operation गर्न,
-Large data हरू Handeling गर्न,
-Internet को प्रयोग गरी कारोबार गर्न,
-Quick uploading गर्न,
-Multi user facilities प्रदान गर्न,
-प्रविधिमा आधारित सेवा प्रदान गर्न,
-Data हरूको Safe Storage गर्न आदि

**3.Signature verification भन्नाले के बुझिन्छ ? Signature verification गर्दा ध्यान दिनुपर्ने कुराहरू उल्लेख गर्नुहोस् । १० marks**

**Signature verification**

कुनैपनि व्यक्तिको पहिचान वा निजले कुनै कार्य गर्न दिएको आधिकारिक मन्जुरी वा स्विकृतिलाई signature भनिन्छ भने signature लाई विभिन्न प्रक्रियाबाट जाँच गर्ने सम्बन्धित व्यक्तिको हो की होइन भनि पत्ता लगाउने कार्य नै signature verification हो । विशेषत आधिकारिक व्यक्तिलेलेखिदिएको दस्तखत जाँच गर्ने प्रक्रियालाई नै signature verification भनिन्छ । जति ठाउँमा signature गरेको छ ति सबै same छ कि फरक छ भनि हेरिन्छ जसको सुक्ष्म अध्ययन गरेर प्रमाणित गरेर मात्र एकिन गरिन्छ । यसैलाई नै signature verification भनिन्छ ।

BFIS मा प्राय:जसो निवेदन खाता सञ्चालन, चेकको भुक्तानी, कर्जाको माग, आर्थिक कारोवार, वस्तुको आयात निर्यात बैंक जमानत वैदेशिक मुद्राको खरिद विक्रि, लकर सञ्चालन जस्ता विभिन्न कार्य सञ्चालन गर्नका लागि दस्तखतको प्रयोग गरिन्छ भने जसलाई सुक्ष्म ढंगबाट प्रमाणित गर्नुपर्ने हुन्छ ।

**Signature verification गर्दा ध्यान दिनुपर्ने बुँदाहरू:**

**Crossing:**

दस्तखतमा प्रयोग गरिएका अक्षरहरू Cross भएका छन वा छैनन् signature verification क्रममा हुनुपर्दछ ।

**Speed:** गतिशिल रूपमा हेरिएको दस्तखतको अक्षर पातलो हुन्छ र ढिलो गर्दा गरिएको अक्षर मोटो हुन्छ । अत:verification का क्रममा जाँच गर्नुपर्दछ ।

**Movement:** अक्षर सिधा वाङ्गो घुमेको लामो छोटो के छ ? सो कुराको प्रमाणिकरण गर्नुपर्दछ । segment: दस्तखतमा एक, दुई र तीन कति भागहरू छन सो कुराको प्रमाणिकरण गर्नुपर्दछ

**Calligraphic:** दस्तखतमा छड्के, cursive, सिधा, छुट्याएको, अक्षरमा कसरी गरिएको छ सो कुराको प्रमाणिकरण गर्नुपर्दछ ।

**Size:** अक्षरको आकार, size सबैको दस्तखतमा प्रमाणिकरण गर्नुपर्दछ ।

**Point:** दस्तखत गरिंदा एक, दुई र तिन कति थोप्ला छन ? सो कराको प्रमाणिकरण गर्नुपर्दछ ।

**तसर्थ**,

फोहर अक्षर काटेको बाक्लो अक्षर र टिपेक्स लगाएका अक्षर परिक्षणका क्रममा भेटिएमा signature लाई कहिले पनि प्रमाणिकरण हुदैन

## 4. Power Point भन्नाले के बुझिन्छ ? यसका विशेषताहरू छोटकरीमा उल्लेख गर्नुहोस् । 5 marks

**Power point**

Computer ले दिने output 'लाई projector को माध्यमबाट multimedia को प्रयोग गरी कार्यक्रम प्रस्तुत गरिने पद्धतिलाई PowerPoint भनिन्छ ।

यो एक presentation software हो जसको माध्यमबाट slide design र animation गरिन्छ । तालिम, गोष्ठी, सेमिनार, school, college हरूमा यसको माध्यमबाट कक्षा सञ्चालन गर्ने गरिन्छ ।

### Power point का विषेशता निम्न रहेका छन

-Computer र overhead projector आवश्यक पर्छ,
-Slide तयार गर्न, खोज्न, copy गर्न, video हेर्न, sound भर्न, slide मा संगित भर्न समेत सकिन्छ ।
-अंक, अक्षर र चित्र बदल्न सकिन्छ ।
-Picture लाई change गर्न सकिन्छ ।
-बनाइएका presentation, slide लाई print गर्न समेत सकिन्छ ।
-आफ्नो आवश्यकता तथा चाहना अनुसार wizard को सहायताले blank presentation मा वा design template मा वसेर हामी presentation तयार गर्न सक्छौ । .
-विभिन्न मेनु तथा सब मेनुको सहायताले आवश्कताअनुसार effect तथा formatting गर्न सकिन्छ ।

### तसर्थ,

Power Point विभिन्न slide मार्फत presentation गर्न सकिने programmeहो साथै picture, designed, graphic, chart, आकृतिहरू समेत animation, transaction र sound effect प्रयोग गरी प्रभावकारी वनाउन सकिन्छ ।

## 5. Word Processing System र Excel System बाट गर्न सकिने कामहरु केके हुन् ? उल्लेख गर्नुहोस । १० ( राष्ट्रिय बाणीज्य बैंक, तह ४, सहायक नगद)

**Word Processing System**

Word processing भन्नाले word वा text type गर्नु, मेट्नु, मिलाउनु र चाहेको format मा ढाल्नुलाई जनाउँदछ ।

**Word processing बाट गर्न सकिने कामहरु:**

-Document बनाउँने,
-अक्षर, अंक, संकेत, चित्र तथा ग्राफिक्सलाई
-प्रविष्ट गर्ने,
-टेवल वनाउन सकिने,
-कागजातलाई copy, cut र paste गर्न सकिने,
-फाइललाई undo, redo र paste गर्न मिल्ने,
-मेल मर्ज सुविधाको एकैपटक धेरैलाई मेल पठाउन सकिने,
-कागजातलाई print गर्ने ।

**Excel System बाट गर्न सकिने कामहरु:**

–अंक गणितिय र तार्किक सम्पादन गर्ने,
–प्रशोधित तथ्याङ्कलाई भविष्यको लागि सुरक्षित राख्ने,
विभिन्न formula हरुको प्रयोग गरि calculation गरिने हुँदा
-हिसाव गलत हुने सम्भावना नभई काममा शिघ्रता आउँने,
-Data-base programme data import गरि चाहेअनुसार ढाँचामा बदल्न र graphical presentation गर्न सकिने,
-बैंक तथा वित्तीय संस्थाका लेखा हिसाव किताव राख्न सकिने,
-कार्यालयको कार्य प्रणालीलाई चुस्त, दुरुस्त राखी छिटोछरितो सेवा प्रवाह गर्न सकिने ।

**निष्कर्ष:**

कार्यालयका महत्वपूर्ण क्रियाकलापहरु सम्पादन गर्न विविध काम क्रियाकलापहरुलाई सहज ढंगबाट सम्पादन गर्न Word processor र Excel system को प्रयोग महत्वपूर्ण मानिन्छ ।

**6.तलव भरपाई तयार पार्न किन MS Excel को प्रयोग गरिन्छ ? उल्लेख गनुहोस् । 5 marks**

Ms Excel भन्नाले Microsoft company ले तयार पारेको विशेषगरी गणितिय र लेखाका हिसाबहरूलाई प्रवभाकारी र वैज्ञानिक ढंगबाट पारदर्शि र आधुनिक ढंगबाट  समाधान गर्नको लागि प्रयोगमा ल्याइने Software हो ।

विषेश गरी तलव र भरपाई तयार पार्नको लागि निम्न कारणहरूले MS Excel को प्रयोग गर्न सान्दर्भिक मान्ने गरिन्छ **जसलाई बुँदागतरूपमा प्रस्तुत गर्न सकिन्छ** ।

–सरल सहज र प्रभावकारी हुने,
-आधुनिकरूपमा Softwore मार्फत तलवी भरपाई बनाउदा छिटो छरितो तथा समयको वचत हुने,
-हिसाब किताब वैज्ञानिक ढंगबाट गर्न सकिने
-विभिन्न तथ्याङ्कगत गल्ती तथा कमीकमजोरीलाई समयमै सुधार गर्न सकिने,
-कार्य प्रभावकारीता तथा कार्यदक्षता अभिवृद्धि गर्न सकिने,
-आन्तरिक नियन्त्रण बनाउन सकिने आदि ।

**निष्कर्ष:**
उल्लेखित कारणहरूले नै कुनै पनि संस्थाहरूको कर्मचारीहरूको तलवि भरपाई तयार गर्दा MS Excall नै प्रयोग गर्ने गरिन्छ । यसको प्रभावकारीता अभिवृद्धि गर्नको लागि आधुनिक Softwore को जोखिम रहित प्रयोग गर्न सान्दर्भिक मान्न सकिन्छ ।

## 7. Computer operating system भनेको के हो ? यो प्रणालीले के कस्ता कार्यहरू सम्पादन गर्दछ ? उदाहरण सहित लेख्नुहोस् ?

### Computer operating system:

Computer operating system, computer प्रणालीको सबैभन्दा महत्वपूर्ण प्रणाली हो । यसले समग्र Computer प्रणालीलाई व्यवस्थापन, प्रशासन, सुपरिवेक्षण, नियन्त्रण र सञ्चालनगर्दछ । यो Software ले Memory व्यवस्थापन Hardware व्यवस्थापन, सुपरिवेक्षण र नियन्त्रणको कार्य गर्दछ जसले प्रयोगकर्ताको Software र Computer को Hardware को विचमा अन्तर सम्बन्ध स्थापना गर्दछ ।

**यो प्रणालीले देहायबमोजिमको कार्यहरू सम्पादन गर्दछ**

-Computer hardware लाई मार्गदर्शन गर्दछ,

-यसले Computer प्रणालीमा घेरिएका यन्त्रहरू Input र Output लाई सञ्चालन अनुमति दिन्छ ।

-यसले Computer Hardwareर प्रयोगकर्ताको विचमा अन्तरसम्बन्ध स्थापित गर्दछ,

-file र folder लाई स्थान उपलब्धता गराउछ र स्थान व्यवस्थापन गर्दछ,

-Computer प्रणालीका स्रोत र साधनहरूलाई काय दक्षता,

-कार्य प्रभागवकारिता र मितव्ययितका साथ परिचालन गर्दछ,

-यसले Computer प्रणालीलाई आन्तरिक र वाह सुरक्षा प्रणालीबाट वचाउछ ।

-System memory, Internal time, lot of system, user management जस्ता कार्य गर्दछ ।

-Computer र प्रयोगकर्ताको बीचको समन्वयकर्ता पुलको रूपमा कार्य गर्छ ।

**8. Operating system भनेको के हो ? Desktop मा प्रयोग हुने प्रमुख operating system हरु केके हुन् ? यस system ले के-कस्ता सेवाहरु प्रवाह गर्दछ ? उल्लेख गर्नुहोस् । ३+४+३ = १० marks**

**Operating system:**
यो एउटा system software हो जसले computer hardware र software लाई नियन्त्रित र व्यवस्थित गरि प्रयोगकर्ता मैत्री बनाउँदछ । यसलाई software को संकलन भनेर पनि चिन्ने गरिन्छ । यो computer लाई संचालन गर्ने मुख्य आधार हो । जसको सहयोग विना कुनैपनि application software हरु प्रयोग गर्न सकिदैन । यसले input, output लाई व्यवस्थित गरी computer का resources हरुलाई विभिन्न स्थानमा वाँडफाँड गरि, कुनै error भएको देखाउने र hardware तथा software को विचमा पुलको रुपमा कार्य गरि computer लाई सरल ढंगले संचालनमा ल्याउन सहयोग पुऱ्याउदछ ।

Operating system ले memory management, file management, input, output management, process management, security management जस्ता महत्वपूर्ण कार्यहरु गर्दछ ।

**Desktop मा प्रयोग हुने प्रमुख operating system हरु निम्न रहेका छन :**

**Window operating system:**
Window Microsoft company ले विकास गरेको operating system हो । यो computer मा प्रयोग हुने सबैभन्दा लोकप्रिय operating system हो । यो graphic user interface (GUI) मा आधारित program हो । यसको मद्दतबाट computer open गर्न चाहिने document तयार पार्न, वन्द गर्न, error को notification दिने जस्ता कार्यहरु गरिन्छ । यसका version हरु Windows 89, MS window 2000, Window XP, Windows 2007, Window 10 वजारमा रहेका छन् । जसले विभिन्न program हरुलाई control गर्ने गर्दछन् ।

**MS-DOS :**
Microsoft corporation को पहिलो GUI base operation system MS-Dos हो जुन 1981 मा develop गरिएको थियो । जसले hardware लाई व्यवस्थित रुपमा संचालन गर्दछ यसले networking लाई support गर्दैन र एउटा मात्र text accept गर्छ ।

**Linux:**
यो open source operating system हो । यो unit मा आधारित हुन्छ, जसलाई Linux Tarvalds ले 1991 मा विकास गरेको हो । यसमा भएका कोणहरुलाई प्रयोग कर्ताले परिमार्जन गर्न सक्दछन र स्रोत कोणका भिन्नताहरु सिर्जना गर्न सक्दछन् । यसको प्रयोग laptop smart phone मा गर्न सकिन्छ ।

**MAC**
यो operating system Apple corporation ले develop गरेको system software हो । जसको प्रयोग apple को product हरुमा मात्र प्रयोग गर्न सकिन्छ । यो GUI base operating system ले जुन विभिन्न version मा update गरिएको छ ।

**Operating system का सेवाहरु निम्नअनुसार रहेका छन**
-Computer का part हरुको नियन्त्रण र व्यवस्थापन गर्दछ,
-Computer hardware र software को बिचमा mediator को भूमिका खेल्दछ,
-यो master program रुपमा रहि मानिसका सम्पूर्ण आवश्यकता परिपूर्ति गर्दछ,
-Memory लाई आवश्यकता अनुसार allocation र de-allocation गर्दछ,
-File create र delete गर्दछ ।
-File को सुरक्षा गर्दछ आदि ।

**9. Database का प्रकारहरू उल्लेख गर्नुहोस् । Data को सुरक्षा कसरी गर्न सकिन्छ ? उल्लेख गर्नुहोस् । 5 + 5 marks**

## विषय प्रवेश

तथ्याङ्कीय आधार ( Database) भन्नाले विभिन्न क्षेत्र विषय क्रियाकलाप तथा कारोवारसँग सम्बन्धित तथ्य तथ्याङ्क जानकारीहरूलाई व्यवस्थित ढंगठबाट विद्युतीय एवम् प्रशोधित ढंगबाट स्वचालित रूपमा संकलन भण्डारण एवम् परिचालन गर्ने उद्देश्यकले तयार गरिएको तथ्याङ्कको एकिकृत प्रणालीलाई database भनिन्छ ।

**database का प्रकारहरूलाई देहायबमोजिम बुँदागत रूपमा प्रस्तुत गर्न सकिन्छ ।**

-Hierarchical database,
-Networking database,
-Relational database,
-Object-oriented database,
-Centralized database,
-Operational database,
-Database warehouse,
-Distributed database,
-End user database,
-Hypermedia database,
-Document oriented database,
-Real time database आदि ।

## Data लाई सुरक्षित राख्ने उपायहरू:

निम्न अनुसारका उपायहरु अवलम्बन गरी कुनैपनि विषयसँग सम्बन्धित जानकारी तथ्य तथ्याङ्कलाई सुरक्षित राख्न सकिन्छ ।

**Disk encryption:** hard disk मा राखेर तथ्याङ्कलाई code गरी राख्ने,

**Software Vs Hard ware:** तथ्याङ्कको सुरक्षा गर्नको लागि संयन्त्रमा आधारित Logging in र logging out राख्ने,

**Backups:** अन्य स्रोतमा तथ्याङ्क राख्नाले एउटाबाट हटेतापनि अर्कोमा रहने,

**Data masking:**अनाधिकृत व्यक्तिबाट data लाई अलग राख्ने,

**Data deletion:** यो एउटा software को विधि हो । यो तथ्याङ्कलाई लुकाएर कसैको पनि पहुँच नहुने गरी राख्ने र सबै electronic media नष्ट भएर जोदापनि त्यसबाट पुन प्रयोग गर्न सकिने हुन्छ ।

## निष्कर्ष:

तथ्याङ्कलाई सूचनाको आधार सम्मको रूपमा लिने गरिन्छ । तसर्थ तथ्याङ्कीय आधारलाई सुरक्षित, व्यवस्थित, वैज्ञानिक, रणनीतिक रूपमा राख्दै संस्थाको जोखिम न्यूनिकरण र स्थायित्वमा आधार प्रदान गर्दै सवलिकरण र विकासमा जोडदिनु पर्ने आजको टड्कारो आवश्यकता रहेको छ ।

**10.Data base management system को परिभाषा दिँदै यसको मुख्य उद्देश्यलाई उल्लेख गर्नुहोस् । 10 makes (राष्ट्रिय बाणीज्य बैंक, चौथो सहायक, २०७४)**

**Data**

कुनै विषय वस्तुसँग सम्वन्धित प्रारम्भिक जानकारीलाई तथ्यांक (data) भनिन्छ । यस्ता data अप्रशोधित अव्यवस्थित र पूर्ण जानकारी नदिने प्रकृतिका हुन्छन् ।

**Informaiton**

जब data लाई व्यवस्थित गरी व्याख्या र विश्लेषण गरिन्छ त्यसले सान्दर्भिक अर्थ दिन्छ भने त्यो सूचना हो ।

**Data - Process - Information** सूचना data मा आधारित हुन्छ ।

**Database :**

परस्पर अन्तर सम्बन्धित तथा अन्तरनिर्भर तथ्यांकहरुलाई प्रणालीवद्ध रुपमा राखि सूचनाको रुप दिने र आवश्यकता अनुसार प्रयोग गर्न सक्ने गरि व्यवस्थित गरिएको तथ्यांक प्रणालीलाई data base भनिन्छ ।

**Database managment system :**

तथ्यांकिय आधारलाई व्यवस्थित रुपमा सक्नु पर्ने र त्यसको आधारभूत संरचनालाई परिवर्तन नगरि एक भन्दा बढि प्रयोगकर्ताले समान तर फरक फरक तरिकाबाट प्रयोग गर्न सक्ने गरि व्यवस्थित गरिएको कम्प्युटरमा आधारीत प्रणलीलाई database management system भनिन्छ ।

धेरै प्रयोगकर्ताको सूचना तथा वितरणलाई प्राप्त गर्ने, सूचनाको प्रशोधन गर्ने, back up गर्ने तथा data को सुरक्षा गर्ने जस्ता महत्वपूर्ण कार्य गर्दछ । जस्तै: Base sybase, DBL2, file maker आदि यसका उदाहरण हुन् ।

**Database management system का उद्देश्य**

-ठूलो क्षमताका तथ्यांकको भण्डारण गर्ने,
-तथ्यांकमा सजिलैसँग पहुँच पुयाउँन सहयोग गर्ने,
-प्रयोगकर्ताको अनुरोधमा सजिलै तथ्यांक प्राप्त गर्ने,
-अनावश्यक तथा काम नलाग्ने तथ्यांक हटाउने,
-वहुप्रयोग कर्तालाई सक्रिय हुन अनुमती दिने,
-तथ्यांकलाई प्रशोधन गर्ने तथा प्रयोग गर्ने,
-तथ्यांकलाई सुरक्षित राख्ने तथा अनाधिकृत पहुँचबाट सुरक्षा दिने,

## 11. नेपाल राष्ट्र बैंकले जारी गरेको Information Technology Guidelines बमोजीम बैंक तथा वित्तीय संस्थाहरूले Software विकासगर्दा कुनकुन कुरामाध्यान दिनुपर्दछ: लेख्नुहोस् ?१० marks

बैंक तया वित्तीय सस्थाको IT Security को निम्ति नेपाल राष्ट्र बैंकले सूचनाप्रविधिनीति २०६८ तथा सूचनाप्रविधि मार्गदर्शन २०१२ को तर्जमा गरेको छ । जुन नीति तथा Guidelines मा निम्न १० वटा पक्षहरू समावेश गरि कार्यन्वयन गर्नुपर्ने नीतिगत व्यवस्था छ । **उक्त १० वटा IT Guidelines हरू देहायबमोजिम छन्**

1) IT Governance सम्बन्धी व्यवस्था
2 ) Information security को व्यवस्था
3) Information security education सम्बन्धी व्यवस्था
4) Information disclosure and grivence handling को व्यवस्था,
5) IT operation सम्बन्धी व्यवस्था
6) Information system acquisition,development and implementation सम्बन्धि व्यवस्था,
7) Out sourcing सम्बन्धी व्यवस्था
8)Business continuity and disaster recovery planning को व्यवस्था
9) IT audit सम्बन्धी व्यवस्था
10) Fraud management सम्बन्धी व्यवस्था आदि ।

माथि उल्लेखित १० वटा IT guidelines सबै बैंक वित्तीय संस्थाहरूले आफ्नो IT सम्बन्धी Risk minimize गर्न प्रयोग गर्नु पर्ने व्यवस्थापनमा Point number 7 अनुसार Information system Acquistion development and implementation माभएको व्यवस्था बमोजिम बैंक तथा वित्तीय संस्थाले **४ ओटा कुरामाध्यानदिनुपर्ने हुन्छ ।**

(1) User functional requirements, Security requirement, Performance requirements and technical specification should be documented and approved by appropriate level of management before software is developed.

(2) Information security requirement should be in coporated at each stage of software development life cycle.

(3) All system should have audit trial detailed enough to use it as foreusic evidence and audit trial should meet inter - alia, requlatory and, legal requiremeut,

(4) Bank are encouraged to conduct source code review of the application with the objective of finding 100 pholes and defects residing in the software due to poor programuing practice, coding error, melicious attempts etc.

**निष्कर्ष**

नेपाल राष्ट्र बैंकबाट बैंक तथा वित्तीय संस्थालाई जारी IT guldelines 2068 अनुसार माथिउल्लेखित कुराहरूको प्रयोग गरेर Software development गर्न सक्छन् ।

## 12)बैंकिङ्ग क्षेत्रको विकास र विस्तारमा सूचना प्रविधिको उपयोगले गरेको योगदान बारेमा विश्लेषन गर्नुहोस् ।

विश्व बैंकिङ्ग क्षेत्रलाई हेर्दा धेरै पहिले देखि नै आधुनिक उपकरण प्रविधि औजारहरूको प्रयोग भएको भएतापनि नेपालको बैंकिङ्ग क्षेत्रको विकास र विस्तारमा सूचना प्रविधिको उपयोगको योगदान विस्तारै वढ्दै गएको दखिन्छ

**जुन निम्न रहेका छन:**

–दैनिक संचालन कारोवारमा छिटो छरिटो भरपर्दो सेवा प्रवाह गरेको,

–Paperless अवधारणाको विकास र विस्तार गर्नमा योगदान गर्दै आएको,

–आधुनिक प्रविधि ATM machines IPS, Mobile Banking Intranet Banking online Banking को विकास गरेको,

–बैंकिङ्ग सेवा, सुविधा र्शत घाटा, फाईदाको यथोचित अवस्थाको अवगत गराई ग्राहकलाई सन्तुष्टि गराउन प्रेरित गरेको,

–वित्तीय पहुँच, वित्तीय साक्षरता, वित्तीय समावेशिक करणमा जोड दिएको,

–FIM Tech को व्याावस्था गर्नमा जोड दिएको

–Financial transparency को व्यवस्था market discipline को व्यवस्था कायम गर्न सहयोग,

–On side off side supervision गर्न सहयोग,

**तसर्थ,**

यो २१ औ शताब्दी हो अहिलेको प्राविधि विश्व बैंकिङ्सँग प्रतिस्पर्धा गर्न सूचना प्रविधिको समुचित प्रयोग गर्न आवश्यक छ ।

## 13. What are the guidelines of informations disclosure and grievance handling in Nepal . Rastra Bank IT guidelines?

–बैंकले स्पष्ट रूपमा सेवाहरू, लागत, सुरक्षा सुविधाहरू, जोखिम र इलेक्ट्रोनिक बैंकिङ्ग फाइदाहरूको बारेमा जानकारी प्रदान गर्नुपर्दछ। इलेक्ट्रोनिक लेनदेन सम्बन्धी जिम्मेवारी, दायित्व र ग्राहकहरूको अधिकार र बैंकको बारे सही जानकारी ग्राहकहरूलाई डेलिभर गर्नुपर्नेछ।

—कुनै पनि सुरक्षा उल्लङ्घन र ग्राहकको खातामा जालसाजी पहुँच भएमा बैंकले विवाद वा समस्या समाधान प्रक्रियाको बारेमा स्पष्ट जानकारी प्रकाशित गर्नुपर्नेछ।

–बैंकले ग्राहकको गोपनीयता र सुरक्षा नीति प्रकाशित गर्नुपर्दछ

–बैंकले स्पष्ट रूपमा एटीएमबाट लेनदेन गर्न अघि उनीहरूको प्रत्येक एटीएम स्थानमा इलेक्ट्रानिक रूपमा रकम लेनदेन लागतमा सूचित गर्नुपर्दछ ।

–इलेक्ट्रोनिक बैंकिंग डेलिभरी च्यानलहरूमा विवादित भुक्तान, लेनदेन र अन्य मुद्दाहरू सम्हाल्न बैंकले जवाफको अपेक्षित समयको साथ विवाद समाधान गर्ने संयन्त्रको विकास गर्नुपर्नेछ ।

–विवादित लेनदेनमा ग्राहकले फाइल गरेको गुनासाहरूको गुनासो सम्हाल्न बैंक जिम्मेवार हुनेछ र बैंकले उजूरी सम्बोधन गर्ने विधि बनाउनु पर्नेछ ।

–बैंकहरूले आफ्ना ग्राहकहरूलाई ई(बैंकिंग डिलिभरी सेवाहरूको प्रयोगको जोखिम र फाइदाहरूको बारेमा स्पष्ट जानकारी उपलब्ध गराउनु पर्दछ ।

**14.विद्यमान NRB IT Guidelines मा व्यवस्था भएको Information Security Education वारे वर्णन गर्नुहोस ? 5 marks**

**NRB IT Guidelines**
नेपाल राष्ट्र बैंकले सम्पूर्ण इजाजत पत्र प्राप्त बैंक तथा वित्तीय संस्थाहरूलाई सूचना प्रविधि सम्बन्धि कारोवारहरूमा दक्षता र कार्य प्रभावकारिता अभिवृद्धि गर्दै सूचना प्रविधि सम्बन्धि जोखिम न्युनिकरण गरी सुरक्षित बैंकिङ सेवा प्रदान गर्न नेपाल राष्ट्र बैंकको सूचना प्रविधि निर्देशिका २०१२ तयार गरी लागु गरिएको हो । जसमा १० वटा निर्देशनहरूको व्यवस्था गरिएको छ । जसमध्ये information security education एक हो ।

**Information security education:**
NRB IT guidelines information security education सम्बन्धि निम्न व्यवस्थाहरू गरेको पाइन्छ ।

1.ग्राहकहरूले सूचना प्रविधिमार्फत् प्राप्त गर्ने बैंकिङ सेवा सुरक्षित रूपमा प्रयोग गर्न सकुन र त्यसबाट कुनै पनि प्रकारको सुरक्षा जोखिम नहोस भन्नका लागि ग्राहकहरूसम्म सूचना प्रविधिको पयोग गरी कारोवार गर्दा अपनाउनु पर्ने सुरक्षात्मक उपायहरूको सम्बन्धमा आवश्यक शिक्षा प्रदान गर्नुपर्ने,

2.यसमा ग्राहक कर्मचारी र सम्पूर्ण सरोकारवालाहरू समेत सहभागी गराइ प्रशिक्षित गराउनुपर्ने र यस्तो कार्यका लागि सम्बन्धित बैंक नै जिम्मेवारी रहनुपर्ने,

3.बैंकले आफ्नो system लाई सुरक्षित र सवल वनाउनुपर्ने, इत्यादि ।

## 15) प्रभावकारी कार्य सञ्चालनको लागि Email Internet को उपयोग कसरी गर्न सकिएला ? सुझाव दिनुहोस् ।

**5 + 5 = marks**

### Email

इन्टरनेटको सहायताको एउटा कम्प्युटरबाट अर्को कम्प्युटरमा आफ्ना साथीभाई इष्टमित्र वा अन्य व्यक्ति वा संस्था वा कार्यालयहरूलाई पठाइने विद्युतीय पत्रलाई नै E mail भन्ने गरिन्छ । यसका लागि सम्बन्धित व्यक्तिको इमेल ठेगाना हुनुपर्दछ । यो ज्यादै सजिलो र छिटो हुन्छ ।हाल विश्वमा इमेल प्रयोगकर्ताहरू अत्यधिक मात्रामा रहेका छन् । हामीलाईemail उपलब्ध गराउँने Websites, Hotmail, yahoo, Gmail प्रमुख हुन् । Email पठाउँन वा प्राप्त गर्न सर्वप्रथम आफ्नो account हुनु जरुरी हुन्छ ।

### Internet

इन्टरनेट विश्वव्यायी नेटवर्क वा एक सञ्जाल हो । यो विश्वका विभिन्न देशमा फैलिएका हजारौं सञ्जालहरूको एक समूह हो । यसको प्रयोग खवर सुन्न, टिभि, फिल्म, भिडियो हेर्न, विभिन्न संघ संस्थाहरूको सूचना पढ्न, विभिन्न कामहरू व्यवसाय गर्न, वढाउन, आफैलाई आवश्यक पर्ने सामग्री आफ्नो कम्प्युटरमा भण्डारण गर्नको लागि गरिन्छ ।

इन्टरनेटको प्रयोग गरि विश्वका हरेक कुनामा रहेका कम्प्युटरको सम्पर्क कायम गरि आफूलाई आवश्यक परेको सूचनाहरू संकलन गर्न सकिन्छ ।

### कार्य सञ्चालनको लागि Email र Internet को उपयोग

–इमेल र इन्टरनेटको माध्यमबाट संगठनमा भएका सूचना जानकारी सजिलै अर्को स्थान, व्यक्ति समक्ष पुऱ्याउँन सहयोग गर्दछ,

–इन्टरनेट र इमेलले कार्य व्यवस्थित रूपमा छिटो सम्पन्न गर्दछ,

–इमेल र इन्टरनेटले संगठनसँग सम्बन्धित सरोकारवालालाई एक आपसमा जोड्ने काम गर्दछ, जसबाट राम्रो समन्वय कायम हुन्छ,

–इन्टरनेट र इमेलको माध्यमबाट सही माध्यममा सञ्चार प्रवाह हुन्छ जसले गर्दा संगठनको प्रतिर्धी वातावरणमा तुलनात्मक लाभ लिन सकिन्छ,

–इमेल र इन्टरनेटको सहयोगले नविनतम Product innovation गर्न मद्दत गर्दछ । त्यस्ता बस्तु तथा सेवा समग्र क्षेत्रमा पहुँच विस्तार प्रचार गर्न सजिलो हुन्छ,

**निष्कर्ष :** जानकारी, सूचना, विचार, टिप्पणी सन्देशको आदानप्रदान गर्ने कार्य सञ्चालनका सन्दर्भमा आइपर्ने हरेक समस्याको समाधान गर्न एंव Virtual कार्य मार्फत कार्य सञ्चालनको प्रभावकारी उपयोग गरि रणनीतिक लाभ हाँसिल गर्न समेत Email र Intenel को उपयोग गर्न सकिन्छ ।

## 16) E-mail तथा internet ले कार्यालयको काममा, के कस्तो सहयोग पुयाउन सक्छ ? 10 makes

सामान्य अर्थमा यो एउटा विद्युतीय हुलाक electronic mail हो । यो चिठीपत्र, कागजात पठाउनको लागि विद्युतीय माध्यमको प्रयोग गर्ने गरिन्छ । यसमा विभिन्न औजार प्रयोग गरेका हुन्छ जस्तैः कम्प्युटर सेट, लाइन वा इन्टरनेटको लाइन र इमेलको software आवश्यकता पर्दछ ।

**E-mail कार्यालयको कामको लागि सहयोग गर्ने निम्नानुसार रहेको देखिन्छ**

-आफ्नो कार्यालयको चिठी पत्रहरू पठाउन, अन्य कार्यालयबाट विभिन्न जानकारी प्राप्त गर्ने,
-कार्यालयको रणनीति योजना तर्जुमा गर्नुपरेमा,
-कार्यालयको निती नियम वा कार्यक्रमहरू प्राप्त गर्ने,
-संस्थाको आन्तरिक निर्णयहरू प्राप्त गर्ने,
-सम्बन्धित व्यक्ति, संस्थासरोकारवालाहरूलाई विविध जानकारी गराउन,
-अन्य कागजातको रेकर्ड व्यवस्थित संग राख्न सहयोग,
-यदि व्यवसायिक संस्था हो भने बजारीकरण गर्न, संस्थाको कर्मचारीको कार्य सम्पादन प्रति दक्षता वृद्धि गर्ने सहयोग |

**Internet :**

शाव्दिक अर्थ यो एउटा सञ्जाल हो । यसमा विभिन्न प्रकारका नेटवर्क मिलाएर एक नेटवर्क तयार गरिन्छ । जस्तैः LAN, MAN, WAN आदि, इन्टरनेट कम्प्युटरको विशाल सञ्जालको सूचना सञ्चार प्रविधि मान्न सकिन्छ । Internet एउटा computer networking system हो । यसमा विभिन्न computer हरूलाई इन्टरनेट कनेक्ट गर्ने कार्यलाई नै Internet भनिन्छ ।

–Internet आजको IT को अभिन्न अंग बनेको छ । यसले data अदान-प्रदान, file transfer को बढ्दो तथा कुनै व्यक्ति, संस्था निकायको बारेमा information प्रदान गर्ने गर्दछ ।
–Internet ले कार्यालयको कामका लागि निम्न देहाय वमोजिम सहयोग पुयाउने गर्दछ ।
–कार्यालयको विभिन्न जानकारीहरू छिटो र छरितो सहजै रूपमा उपलब्ध गराउन,
–Internet कै सहयोगबाट विभिनन विषयका बारेमा जानकारी लिन सकिने,
–व्यवसायिक हो भने विभिन्न विषयवस्तुका बारेमा जानकारी वा प्रवर्द्धन गर्न सहयोग,

**निष्कर्ष:**

E-mail र Internet एक अर्काको परिपूकर हुन । यिनीहरूले कार्यालयको निर्णय र जानकारी आदान प्रदान गर्नेमा अपरिहार्य भूमिका खेलेको हुन्छ । संस्थाको जानकारी लिन र दिनको निहित रक्त सञ्चार रूपमा कार्य गरेका हुन्छन् ।

## 17. Internet Banking (इन्टरनेट बैंकिङ) भनेको के हो ?

सामान्य भाषामा इन्टरनेट बैंकिङ भन्नाले इन्टरनेट मार्फत बैंकले उपलब्ध गराउने सेवालाई सम्झनु पर्दछ । यसबाट ग्राहकहरुले बैंकबाट प्राप्त हुने केही सुविधाहरू इन्टरनेट मार्फत आफनै Electronic Device बाट उपलब्ध गर्न सक्दछन् ।

व्यालेन्स हेर्नु, स्टेटमेन्ट हेर्ने र प्रिन्ट गर्ने, नयाँ चेक बुकको अनुरोध गर्ने, Utility service जस्तै: मोवाइलको विल तिर्ने जस्ता कार्यहरू इन्टरनेट बैंकिङ्ग बाट प्राप्तहुने केही सुविधाहरू हुन् जसलाई **निम्नानुसार राख्न सकिन्छ।**

-व्यालेन्स हेर्ने,
-खातामा पाएको व्याज छुट्टै हेर्ने,
-स्टेटमेन्ट हेर्ने र प्रिन्ट गर्ने,
-नयाँ चेकबुकको अनुरोध गर्ने,
-हराएको चेक रोक्काको अनुरोध गर्ने,
-शाखालाई ग्राहकको सन्देश दिने आदि **सुविधाहरू इन्टरनेट मार्फत बैंकले उपलब्ध गराउने सेवा इन्टरनेट बैंकिङ हो ।**

Short Notes

## **अभिलेख व्यवस्थापन (Record management)**

कार्यालयमा कामको सिलसिलामा प्राप्त भएका वा वाहिरबाट प्राप्त भएका कागजपत्र, फाइल वा श्रव्यदृश्य सामाग्रीलाई खोजेको बेला तुरुन्त प्राप्त हुनेगरी क्रमवद्ध, भरपर्दो, विश्वासिलो र वैज्ञानिक तरिकाले मिलाएर राख्ने कार्यलाई अभिलेख व्यवस्थापन भनि सम्झनुपर्दछ ।

कार्यालयको कामको शिलशिलामा कार्यालय भित्रे सिर्जना भएका वा कार्यालय वाहिरबाट प्राप्त भएका कागजातहरूलाई व्यवस्थित भरपर्दो र वैज्ञानिक तवरले अभिलेख राख्दै अनावश्यक कागजातलाई नष्ट गर्ने वा धुल्याउने कुरामा परम्परागत सोच मौन रहेतापनि आधुनिक धारणाले भने यसलाई जोड दिएको देखिन्छ ।

यसरी कागजपत्र, फाइल, Document, श्रव्यदृश्य सामाग्री र विवरणहरूको "Womb to tomb सम्मको सम्पूर्ण गतिविधिको समग्रतालाई नै अभिलेख व्यवस्थापन भन्ने गरिन्छ ।

## 18) सूचना प्रविधिको महत्व बारे प्रष्ट पार्नुहोस् ?

सूचना प्रविधिको विकास नै समग्र राज्यको आर्थिक सामाजिक विकासमा सहयोग पुग्दछ । सूचना प्रविधिको महत्व दिन प्रतिदिन वढ्दै गइरहेको Banking क्षेत्र झन् सूचना प्रविधिलाई हतियारका रूपमा प्रयोगगरी आफ्ना Product हरू आधुनिक र सूचना प्रविधिमैत्री वनाउदै अर्थतन्त्रलाई Ceshless वनाउने रणनीति तयार गर्दै गइरहेको अवस्थामा सूचना प्रविधिको

### महत्व निम्नअनुसार रहेको छन

-विद्युतीय सरकारको अवधारणा अनुरूप सार्वजनिक सूचना प्रवाहलाई वनाउन,
-समावेशी तथा प्रभावकारी सामाजिक आर्थिक एवम् व्यापारीक क्षेत्रमा सूचना प्रविधिको उत्पादनशिल उपयोग एवम् प्रयोग गर्न यसको महतवपूर्ण भूमिका रहन्छ ।
-Banking  क्षेत्रमा Cash less transaction कारोवारलाई बढुवा दिन,
-बैंकिङ्क सेवालाई विस्तारगरी पँहुचयोग्य वनाउन,
-समय, श्रम र लागतको बचतगर्न,
-व्यवस्थापन सूचना प्रणालीको प्रभवाकारी कार्यन्वयन गर्न,
-राष्ट्रिय तथा अन्तराष्ट्रि प्रयास तथा विकासमा पँहुच बढाउन,
-Digital banking को मर्म , र अवधारणा कार्यान्वयन गर्न,
-सूचना प्रविधिको माध्यमबाट मानव संसाधन विकासका अवधारणाहरू सृजाना रोजारीमा वृद्धि गर्न,
-विद्युतीय व्यापारको पर्वद्धनगर्न,
-नयाँ नयाँ प्राविधीक उपकरणहरूको प्रयोग मार्फत आधुनिकीकरण गर्न,

**तसर्थ**, माथी उल्लेखित महत्वका अतिरीक्त सूचना प्रविधिको दुरूपयोगवाट विभिन्न प्रकारका प्राविधिगत जोखिम Threats हरू पनि सृजना हुने गर्दछन् । नेपालको सन्दर्भमा सूचना प्रविधि सम्वन्धि Policy, IT Guideline, हरू कार्यान्वयनमा रहेको पाइन्छ । तसर्थ यसबाट सृजनाहुने जोखिम तथा चुनौतिको न्युनकिरणगर्दै प्रयोगमा व्यापकता ल्याउनु आवश्यक देखीन्छ।

## 19) Word Processing भनेको के हो ? यसको महत्व लेख्नुहोस् ? 10 marks

Word Processing Microsoft Corporation बाट प्रतिपादित application software हो । जुन application को प्रयोग कार्यालय व्यवस्थापनमा चिठीपत्र तयार पार्ने, नोट, किताब, Report तथा अन्य कागजातहरू तयार पार्नको लागि गरिन्छ ।

Word Processing System मा विशेष गरी Word Type गर्न, मेटाउने, design मिलाउने, Formatting गर्ने, Page number राख्ने जस्ता कार्य गरिन्छ । वर्तमान समयमा आइपुग्दा Word Processing Application मा साधारण सुविधाको अतिरिक्त table insert गर्ने, drawing गर्ने, विभिन्न shop हरू, tools, chart हरूको design लगायत साधारण Formula जस्ता सुविधा पनि उपलब्ध छन् ।

हाल बजारमा Word Perfect Apple work, Start Office, Microsoft Office Word Processing Package हरू उपलब्ध छन् तर सबैभन्दा लोकप्रिय र धेरै संख्यामा प्रयोग भएको Package भने Word Processing नै हो ।

**यसको महत्वलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :**

–Preparing document,
–Formatting text,
–Formatting paragraph
–Working with break, Inserting page number, header, footer, end note, table, chart, picture, etc.
–Defining margin,
–mail merger,
–Producing table of content etc.

**अत:** Microsoft Corporation द्वारा Office Management को लागि प्रयोग हुने गरी विकास गरेको Application software को एउटा processing हो । जसको प्रयोगले कार्यालय व्यवस्थापनमा Part word अत्यन्तै सजिलो समयको वचत र प्रभावकारी सञ्चार तथा समन्वयमा मदत पुगेको छ ।

## (a) मोबाइल बैंकिङ ( Mobile Banking )

मोबाइल बैंकिङ ग्राहकको खाता खोली सकेपछि आधुनिक उपकरण प्रविधिको रूपमा प्रयोग गर्न ग्राहकको खाता र मोबाइल नम्बरसँग टाइअप गरी सुचारु गरिन्छ । यसबाट बैंकिङ कारोबार गर्दा SMS आउनेरकलाई एक खाताबाट अर्को खातामा स्थानान्तरण अर्थात् Fund transfer गर्न सकिन्छ ।

मोबाइल बैंकिङबाट ग्राहकले आधुनिक र सुविधा उपयोग गर्दछन् । खाताको statement, deposit रकम, payment, fund transfer, recharge, e-Sewa, टिकट लगायत multiple उपयोग गर्न मदत गर्दछ ।

बैंकले मोबाइल बैंकिङ लिन ग्राहकको खाताबाट आर्थिक रूपमा निश्चित शुल्क कट्टा समेत गर्दछ ।

## (b) Excel Software (एक्सेल सफ्टवेयर)

अंकगणितीय तथा वित्तीय तथ्यांकहरूको कारोबारलाई सहज ढंगले लेखांकन गर्ने Electronic system software नै Excel हो जसले data entry, गणितीय तथ्यांकको लेखांकन गर्न Word, PowerPoint लगायत विभिन्न पक्षको कार्यमा सहजता ल्याउने कार्य गर्दछ ।

Spreadsheet तयार गर्न ठुला ठुला हिसाब, छिटो छरितो सम्पादन गर्न, कार्यालयमा विभिन्न कर्जा data, deposit data, लगायत पक्षको संकलन र Entry गर्न Excel software ले कार्य गर्दछ ।

## (b) Excel Software (एक्सेल सफ्टवेयर)

अंकगणितीय तथा वित्तीय तथ्यांकहरूको कारोबारलाई सहज ढंगले लेखांकन गर्ने Electronic system software नै Excel हो जसले data entry, गणितीय तथ्यांकको लेखांकन गर्न Word, PowerPoint लगायत विभिन्न पक्षको कार्यमा सहजता ल्याउने कार्य गर्दछ ।

Spreadsheet तयार गर्न ठुला ठुला हिसाब, छिटो छरितो सम्पादन गर्न, कार्यालयमा विभिन्न कर्जा data, deposit data, लगायत पक्षको संकलन र Entry गर्न Excel software ले कार्य गर्दछ ।



## (c) E-mail को महत्व

E-mail भनेको सूचना जानकारी तथ्याङ्क विचारलाई एक ठाउँबाट अर्को ठाउँसम्म आदानप्रदान गर्न Electronic माध्यम हो । E-mail चिठी नै हो यसमाphysicalमाध्यम हुँदैन । Email internet को माध्यमबाट आदानप्रदान हुने गर्दछ ।

**E-mail को महत्व :**

-सूचना जानकारीलाई समयमै सम्बन्धित निकायमा सम्प्रेषण गर्ने,
-छिटो छरितो विश्वासिलो भरपर्दो माध्यमको रूपमा कार्य गर्ने,
-आधुनिक प्रविधि internet को माध्यमबाट दूर दूरसम्म सूचना प्रवाहमा प्रभावकारी हुने,
-मितव्ययी र प्रभावकारी माध्यम ।

## 21) Internet, Intranet र Extranet को वैकिङ क्षेत्रमा महत्व उल्लेख गर्नुहोस् ?

वैकिङ क्षेत्रमा Internet, Intranet र Extranet को वहुआयामिक महत्व रहने गर्दछ । यसलाई निम्नअनुसार बुँदागत रूपमा प्रस्तुत गर्न सकिन्छ ।

१) बैंक तथा वित्तीय संस्थाका समग्र गतिविधिहरूलाई आधुनिकिकरण गर्न,
२) सेवा प्रवाहलाई गुणस्तरीय वैज्ञानिक र प्रभावकारी वनाउन,
३) छिटो, छरितो सेवा प्रवाह गरी ग्राहक सम्बन्ध व्यवस्थापनलाई वैज्ञानिक दीगो र चिरायु वनाउन,

४) लागत न्यूनिकरण गर्दै दीगो र प्रतिस्पर्धि तुलनात्मक रणनीतिक लाभ हासिल गर्न,
५) समय मै सूचना तथ्याङ्क तथा जानकारीहरू प्राप्त गरी
६)निर्णय प्रक्रियालाई वैज्ञानिक र विवेकशिल बनाउन,

७)परिवर्तन व्यवस्थापनका अवरोधहरूलाई न्यूनिकरण गर्न,
८)अत्याधुनिक बैंकिङ्ग को रुपमा रहेको Core banking system मा प्रभावकारी सञ्चालन गर्न,
९) नेपाल राष्ट्र वैंकलाई पेश गर्नुपर्ने प्रतिवेदन यथासाक्य समय परिधी भित्र पेश गर्न,

१०) अन्तर बैंक कारोवारको हिसाव किताव राफसाफ गरी समन्वय र सहकार्यमा वृद्धि गर्न,
११) उत्पादन र उत्पादकत्व वृद्धि गर्न,
१२) वैकिङ प्रणालीले गर्ने आधुनिक तथा नविनतम क्रियाकलाप work from home QR code मार्फत भुक्तानी सेवा आदिलाई प्रभावकारी वनाउन आदि ।

**निष्कर्ष:**
Internet, Intranet र Extranet बिच सैद्धान्तिक फरक रहेतापनि यिनीहरूको प्रयोग एकैसाथ गरी वैकिङ कारोवारलाई छिटो छरितो, चुस्त दुरुस्त, प्रभावकारी, वैज्ञानिक, दीगो लागत प्रभाकारी, रणनीतिक आन्तरिक नियन्त्रणको प्रभावकारीता, व्यवस्थापकिय कार्यमा उत्कृष्टता आदि प्राप्त गर्न सकिन्छ ।

## 22) Internet का फाइदा र वेफाइदाहरु वारे लेख्नुहोस् ।

**Internet का फाइदाहरु :**

१) इन्टरनेटले विश्वका कम्प्यूटर प्रणालीलाई एक अर्कामा जोडी सूचना तथा सञ्चारमा क्रान्ति गरेको छ,
२)विश्वलाई एउटा सानो गाउँ वनाउन समेत अद्बितीय भूमिका खेलेको छ,
३)इन्टरनेटले गर्दा मानवका हरेक क्रियाकलापमा कम्प्यूटरलाई जोडि मानविय क्रियाकलापमा आमूल सहयोग गरेको छ,

४) मानव विकासको मेरुदण्डका रुपमा इन्टरनेट रहेको छ,
५) बैंक तथा वित्तीय संस्थाका क्रियाकलापमा आमूल परिवर्तन ल्याएको छ जसबाट आधुनिक वैकिङ सुविधाहरु जस्तै: ATM, Mobile banking, Internet banking मा समेत इन्टरनेट अपरिहार्य हुन्छ,

६) ग्राहकमुखी बैंक सेवा, आधुनिक वैकिङ उपकरण निर्माणमा समेत इन्टरनेटको सहायताले फाइदा पुगेको छ ।

**Internet का वेफाइदाहरु :**

इन्टरनेटले global network को रुपमा विश्वव्यापी सञ्जाललाई एके ठाउँमा जोडेर विभिन्न सूचना सेवा उपलब्ध गराएको भएता पनि यसका केही दुरुपयोगहरुलाई वेफाइदाहरुका रुपमा **निम्नानुसार उल्लेख गर्न सकिन्छ,**

१) इन्टरनेटको माध्यमबाट सामाजिक सञ्जाल hacking मार्फत् विभिनन black mailing गर्ने गरिएको तथा विभिन्न WhatsApp Messenger call मार्फत् प्रलोभनमा पारि ठगिने गरिएको,

२) मोवाइल GPS location on हुँदा इन्टरनेट tracking मार्फत् सामाजिक अपराधहरु बढ्ने गरेको,

३) वैकिङ क्षेत्रमा विभिन्न software हरुको cracking मार्फत् आर्थिक कारोवारहरु हिनामिना हुने गरेको तथा ATM को दुरुपयोग हुने गरेको,

४) इन्टरनेटको प्रयोगले वैकिङ channel मार्फत विभिन्न black money लाई white बनाउने गरिएको,

५) इन्टरनेट मार्फत् सामाजिक सञ्जालको बढ्दो प्रयोगले विद्यार्थीहरुको Iq knowledge खस्किदै गैरहेको, श्रम गर्ने वानीको विकास खस्किदै गैरहेको, विदेशी संस्कृति भित्रिई नोपलको मौलिक संस्कृति माथि नै आघात पुर्याएको देख्न सकिन्छ ।

***Notes by = Teacher Prem Jii***

**निष्कर्ष :**

यसरी, इन्टरनेटको प्रयोग मार्फत् विभिन्न cybercrime (hacking, tracking, cracking) जस्ता समस्याहरू देखापरेता पनि यसको सहि उपयोग, सदुपयोग मार्फत विद्यालय क्षेत्र, स्वास्थ्य क्षेत्र, वैकिङ क्षेत्र, सरकारी क्षेत्रका हरेक काम क्रियाकलापहरुमा प्रभावकारीता हाँसिल गर्न सकिन्छ ।

## 23) Application Software भन्नाले के बुझिन्छ ? छोटकरीमा प्रष्ट पार्नुहोस् ?

कम्प्यूटर कार्य सञ्चालन गर्नका लागि आवश्यक पर्ने महत्वपूर्ण Software मध्ये Application Software लाई प्रमुख मान्न सकिन्छ । कम्प्युटर सफ्टवेर, कम्प्युटर प्रयोग कर्ताका, कार्यहरू प्रयोग गर्न व्यवस्थित तवरले बनाइएको निर्देशनहरूको समूह हो । जुन दृश्य एवम अदृश्य दुवै रूपमा रहेको हुन्छ र यसको अभावमा कम्प्यूटर प्रयोगकर्ताको कामहरू पुरा हुन सक्दैनन् ।

Application Software मुख्यत कम्प्युटर प्रयोगकर्ताका कामलाई कम्प्यूटरमा व्यवस्थीत दङ्गवाट सम्पादन गर्न तयार पारेको निर्देशनहरूको समूह हो । यसले प्रयोगकर्ताको विशिष्टीकृत कार्यलाई कम्प्युटरको माध्यमद्वारा सम्पादन गर्ने गर्दछ । Application Software हरू कम्प्यस्टरका Hardware को ज्ञान नभएकाले पनि Design गर्न सक्छन् ।

**Application Software लाई Package software र Tailored Software गरी २ भागमा वाडन सकिन्छ ।**

### i) Tailored Software :

कुनै पनि संघ संस्था वा व्यक्तिको विश्चित आवश्यकता पुरा गर्न बनाइएका निश्चित Software हरू जस्तै : कुनै विद्यालयमा विल काट्न बनाइएका Software हरू बनको प्लेनको टिकट काट्न बनाइएका Software हरू आदि पर्दछन् ।

### ii) Package Software :

कम्प्यूटर प्रयोगकर्तालाई दैनीक जीवनमा गर्नुपर्ने विभिन्न कामहरू गर्न सजिलो पार्ने तरीकाले बनाइएको Programme हरूलाई Package Software भनिन्छ । जुन निम्नअनुसार रहेका छन :

–Word processing software
–Spread sheet package
–Database package
–Designing package etc.

## 24).Date security System भनेको के हो ? कार्यालयमा यसको आवश्यकता किन पर्दछ ? व्याख्या गर्नुहोस् । 10 marks

Data Security is the main priority of every business and every organization. Data Security Information Security लाई को रूपमा समेत वुझिन्छ ।

**यस अन्तरगत**

-Disk encryption
-Software vs Hardware-based mechanism for protecting data
-Backup
-Data masking
-Data erasure आदि पर्दछन् ।

### कार्यालयमा Data Security को आवश्यकता किन पर्दछ त ?

आधुनिक कार्यालयहरू Computerized system मा आधारीत हुन्छन् Computerized System को विश्वसनियता जब बढ्छ जहां Data Security System भरपर्दो हुन्छ । यसर्थ कार्यालयमा Data Security को आवश्यकता निम्न कारणले रहेको उल्लेख गरिन्छ :

१) कार्यालयका कार्यहरूलाई सरल र विश्व सनीय बनाउन,
२) कार्यालयका Computerized Document सुरक्षा गर्न,
३) Computerized System बाट कम लागतमा वढी कार्य समयमै सम्पन्न गर्न,

४) Computer तथा अन्य Electronic Tools लाई Virus रहित रूपमा संचालन गरी Risk minimize गर्न,
५) हुनसक्ने संभावित fraud तथा जालसाझिलाई कम गर्न,
६) कार्यालयका कार्यहरूलाई सर्वसामु प्रशारण जारी सबै पक्षमा समान पहुच पुऱ्याउन,

## कार्यालयमा Data Security को आवश्यकता किन पर्दछ त ?

आधुनिक कार्यालयहरू Computerized system मा आधारीत हुन्छन् Computerized System को विश्वसनियता जब बढ्छ जहां Data Security System भरपर्दो हुन्छ । यसर्थ कार्यालयमा Data Security को आवश्यकता निम्न कारणले रहेको उल्लेख गरिन्छ :

१) कार्यालयका कार्यहरूलाई सरल र विश्व सनीय बनाउन,
२) कार्यालयका Computerized Document सुरक्षा गर्न,
३) Computerized System बाट कम लागतमा वढी कार्य समयमै सम्पन्न गर्न,

४) Computer तथा अन्य Electronic Tools लाई Virus रहित रूपमा संचालन गरी Risk minimize गर्न,
५) हुनसक्ने संभावित fraud तथा जालसाझिलाई कम गर्न,
६) कार्यालयका कार्यहरूलाई सर्वसामु प्रशारण जारी सबै पक्षमा समान पहुच पुऱ्याउन,



७) महत्वपूर्ण, संवेदनशील Data लाई भविष्यसम्म सुरक्षित राख्न,
८) समग्रमा कार्यालयका कार्यहरूलाई Computerized बनाउदै त्यसबाट उत्पन्न हुनसक्ने Risk र क्षति कम गरी कार्यहरू समयसान्दर्भिक तथा निरन्तर रूपमा सूचारु गर्न,

**यसर्थ:**

Data Security पछिल्लो समयको ज्वलन्त माग हो । उपयुक्त Data security राख्न सकेका यसले संस्था र सरोकारवाला सबै पक्षको कार्यप्रतिको विश्वसनियता बढाउदछ त्यसकारण ले गर्दा आवश्यक व्यवस्था गरी Data Security गर्न आवश्यक छ ।